'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

# थाहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ईन्द्रायणी चौर, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्याः

चलानी नम्बरः

मिति : २०८०।१०।०५

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ईन्द्रायणी चौर मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

श्री सम्बन्धित सबै ।

विषय : जानकारी गराइएको सम्बन्धमा ।

नेपालको संविधान अनुसार वैदेशिक रोजगार व्यवस्थापन संघीय सरकारको क्षेत्राधिकार रहेको छ । वैदेशिक रोजगार ऐन, २०६४२ नियमावली, २०६४ मा वैदेशिक रोजगारीमा जान अनिवार्यरुपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ । मौसमी कामदारको सम्बन्धमा मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९ जारी भएको छ भने वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया पठाउनका लागि जिम्मेवार संस्था हालसम्म रोजगार अनुमति प्रणाली (Employment Permit System-EPS) मात्र रहेको छ।

मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९ का अनुसार ऐनबमोजिम नेपाली नागरिकले मौसमी रोजगारीका लागि „ वैदेशिक रोजगार प्राप्त गर्न सक्ने देखिएमा मन्त्रालयले सम्बन्धित मुलुकको सरकारसँग छलफल गरी द्विपक्षीय श्रम सम्बन्ध स्थापना गर्न सक्ने, यसरी श्रम सम्बन्ध स्थापना भएपछि निर्देशिका बमोजिम नेपाली नागरिकलाई मौसमी रोजगारीका अवसर दिनका लागि रोजगारदाता संस्था वा सम्बन्धित मुलुकको प्रचलित कानुनबमोजिम रोजगारदाताको तर्फबाट सहजीकरण गर्नेगरी दर्ता भएको स्थानीय निकाय वा संस्थाले मागपत्र प्रमाणीकरणको लागि नेपाली कुटनीतिक नियोगमा पेश गर्नुपर्ने, नेपालको कुनै खास स्थानीय तहमार्फत् उम्मेदवार पठाउनेगरी मागपत्र पठाउन सकिने, प्रणालीमा मागपत्र प्रविष्टि भएको सात दिनभित्र मौसमी रोजगारीका लागि जान चाहने व्यक्तिहरुको छनोट गरी पठाउन वैदेशिक रोजगार विभागले मागपत्रमा उल्लेख भएको स्थानीय तहलाई जानकारी गराई सोको विवरण विभागको वेबसाइटमा समेत प्रकाशन गर्ने व्यवस्था रहेको छ।

उल्लेखित व्यवस्था अनुसार हालसम्म वैदेशिक रोजगार विभागबाट थाहा नगरपालिकालाई मौसमी रोजगारीका लागि कुनै जानकारी पत्र प्राप्त नभएको र थाहा नगरपालिकाबाट हालसम्म बैदेशिक रोजगारीका लागि मौसमी कामदार पठाउने कार्य नभएको सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

..................

कुमार नेगी
रोजगार संयोजक